(ख)विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा अभिलेख राखी अद्यावधिक गराइ राख्ने,

ग)विद्यालयको शैक्षिक योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

(घ)गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागीता गराउन आवश्यक व्यवस्था मिलाउने,

(ङ)व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरीवेक्षण एवं अनुगमन गरी प्रधानाध्याक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सल्लाह, सुझाव र सहयोग गर्ने तथा अर्धवार्षिक रुपमा नगर शिक्षा समितिमा प्रतिवेदन पठाउने,

(च)विद्यालयको भौतिक स्थितिको अध्ययन गरी भौतिक सुधारका लागि आवश्यक साधन र स्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(छ)विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न पहल गर्ने,

(ज)वडा शिक्षा योजना बनाइ कार्यान्वयन गर्ने,

(झ)विद्यालयको नक्शाङ्कन समेतलाई विचार गरी औचित्यको आधारमा विद्यालय स्थापना तथा कक्षा थपका लागि सिफारिस गर्ने,

(ञ)विद्यालय स्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने,

(ट)राहत तथा रिक्त दरवन्दीमा अस्थायी, राहत, करार शिक्षक तथाकर्मचारीको पदपूर्तिका लागि नगर पालिकामा सिफारिस गर्ने,

(ठ)शिक्षकको सरुवा सम्बन्धमा सिफारिस गर्ने,

(ड)प्रधानाध्यापक नियुक्ति प्रक्रियामा नगर शिक्षा समितिसँग समन्वय गर्ने,

(४)वडा शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधिः–

(क)वडा शिक्षा समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक बस्नेछ,

(ख)वडा शिक्षा समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य–सचिवले बोलाउनेछ,

(ग)खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि वडा शिक्षा समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा सदस्य सचिवले जुनसुकै बेला पनि वडा शिक्षा समितिको बैठक बोलाउनु पर्नेछ,

(घ)वडा शिक्षा समितिको बैठकमा वडाभित्रका विद्यालयका प्रधानाध्यापकहरुलाई आमन्त्रण गर्न सकिनेछ,

(ङ)वडा शिक्षा समितिका तत्काल कायम पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा वडा शिक्षा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ,

(च)वडा शिक्षा समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित वडा समितिबाट प्रतिनिधित्व गर्ने सदस्यहरु मध्ये ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

